# लेखा व्यवसायी संस्था (फर्म) सम्बन्धी कार्यविधि, २०७९

## (जारी मिति : २०७९/०४/०५)

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा २८क तथा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को परिच्छेद ६ मा भएको लेखाव्यवसायी संस्था (फर्म) सम्बन्धी व्यवस्थालाई व्यवस्थित गर्न तथा ऐनको उद्देश्य पुरा गर्नको लागि समेत लेखाव्यवसायी फर्मका सम्बन्धमा स्पष्ट व्यवस्था गर्न उपयुक्त हुने देखिएकोले नेपाल चार्टर्ड एकाउन्टेन्टस ऐन, २०५३ को दफा ११(य) बमोजिम परिषदबाट "लेखाव्यवसायी संस्था (फर्म) सम्बन्धी कार्यविधि, २०७९" जारी गरिएको छ ।

**खण्ड १**

**प्रारम्भिक**

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यस कार्यविधिको नाम "लेखाव्यवसायी संस्था (फर्म) सम्बन्धी कार्यविधि २०७९" रहेको छ ।

(ख) यो कार्यविधि परिषदले पारित गरेको मिति देखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,

(क) "संस्था" भन्नाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थालाई जनाउनेछ ।

(ख) "ऐन" भन्नाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ सम्झनु पर्दछ ।

(ग) "नियमावली" भन्नाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ सम्झनु पर्दछ ।

(घ) "कार्यविधि" भन्नाले "लेखाव्यवसायी संस्था (फर्म) सम्बन्धी कार्यविधि, २०७९" लाई जनाउँनेछ ।

(ङ) "परिषद" भन्नाले ऐनको दफा ७ बमोजिम गठित परिषद सम्झनु पर्दछ ।

(च) "कार्यकारी निर्देशक" भन्नाले ऐनको दफा २(च) बमोजिमको कार्यकारी निर्देशकलाई सम्झनु पर्दछ ।

(छ) "लेखाव्यवसायी संस्था वा फर्म" भन्नाले नियमावलीको नियम ५७(१) बमोजिम दर्ता भएको एकल वा साझेदारी फर्मलाई जनाउँनेछ ।

(ज) “सदस्य” भन्नाले ऐनको दफा २(छ)बमोजिमको व्यक्तिलाई सम्झनु पर्दछ ।

(झ) “एकल फर्म” भन्नाले एक जना मात्र व्यक्ति रही दर्ता भएको लेखाव्यवसायी संस्थालाई जनाउनेछ ।

(ञ) “साझेदारी फर्म” भन्नाले दुई वा दुईभन्दा वढी साझेदार रही दर्ता भएको लेखाव्यवसायी संस्थालाई जनाउँनेछ ।

(ट) “साझेदार” भन्नाले पेशागत प्रमाणपत्र प्राप्त सदस्यले लेखाव्यवसाय संचालन गर्नको लागि नियम ५७(१) बमोजिम दर्ता भएको साझेदारी फर्मको हिस्सेदार सम्झनु पर्दछ ।

(ठ) “निर्देशनालय” भन्नाले संस्थाको संस्थागत मामिला निर्देशनालयलाई जनाउँनेछ ।

(ड) “विदेशमा दर्ता भएको लेखाव्यवसायी संस्था” भन्नाले अन्तराष्ट्रिय लेखाव्यवसायी महासंघमा आवद्ध भएको ऐनको दफा २(ञ२) बमोजिमको विदेशी लेखाव्यवसायी संस्थामा दर्ता भएका लेखाव्यवसायी फर्मलाई जनाउनेछ । सो शब्दले स्वदेश तथा विदेशमा कानुन बमोजिम दर्ता भएका लेखा व्यबसायी संस्थाहरु सदस्य रहने गरी लेखा व्यबसायको विकास, संरक्षण र सम्बर्द्धन गर्न विदेशमा दर्ता भएका एलाएन्स, नेटवर्किङ्ग फर्म तथा फोरम अफ़ फर्म समेतलाई जनाउनेछ ।

## खण्ड २

## लेखाव्यवसायी संस्था (फर्म) दर्ता तथा नविकरण

३. लेखाव्यवसायी संस्था (फर्म) दर्ताको लागि निवेदन दिनुपर्ने

(१) सदस्यता र पेशागत प्रमाणपत्र अद्यावधिक भएका र परिषदबाट लेखा व्यवसाय गर्न रोक नलागेका सदस्यहरुले लेखाव्यवसायी संस्था (फर्म) दर्ता गराउनका लागि नियमावलीको नियम ५७(२) तथा सो अन्तरगतको अनुसूची बमोजिम देहायको कागजातहरुको प्रतिलिपि राखि संस्थामा निवेदन दिनु पर्नेछ ।

(क) फर्मको पूरा नाम,

(ख) फर्मको कारोवार गर्ने मुख्य ठेगाना,

(ग) प्रोप्राइटर वा साझेदारहरुको पूरा नाम, थर र स्थायी ठेगाना,

(घ) प्रस्तावित पूँजी,

(ङ) सदस्यको नागरिकता वा पासपोर्टको प्रतिलिपि ।

(च) सदस्यता तथा पेशागत प्रमाणपत्रको प्रतिलिपि ।

(छ) सदस्यता तथा पेशागत प्रमाणपत्र नवीकरणको निस्साको प्रतिलिपि ।

(ज) साझेदारी फर्मको हकमा साझेदारहरुबीच भएको अनुसूची १ बमोजिमको साझेदारी सम्झौता पत्र (पार्टनरशीप डीड) ।

(झ) नियमावलीमा अन्यथा उल्लेख गरिएकोमा बाहेक लेखाव्यवसायी संस्थामा कर्मचारीको रुपमा कार्यरत सदस्यले आफ्नो नाममा एकल वा साझेदारी फर्म खोल्न चाहेमा कार्यरत फर्मको स्वीकृति पत्र ।

(ञ) परिषदले समय समयमा तोके बमोजिमका अन्य कागजात ।

(ट) सदस्यको पूरा नाम र मुख्य पत्राचार गर्ने ठेगाना ।

(२) लेखाव्यवसायी संस्था (फर्म) दर्ता तथा नवीकरण दस्तूर

(क) लेखाव्यवसायी संस्था (फर्म) दर्ता तथा नवीकरण गर्दा लाग्ने दस्तुर नियमावलीको अनुसूचि ४ मा तोकिए बमोजिम हुनेछ ।

(ख) एकलबाट साझेदारीमा वा साझेदारीबाट एकल फर्ममा परिणत गर्दा नयाँ दर्ता सरहको दस्तुर लाग्नेछ ।

(ग) साझेदारी फर्ममा साझेदारहरु थपघट हुँदा नविकरण गर्दा सरहको थप दस्तुर लाग्नेछ ।

(घ) फर्मको नाम परिवर्तन गर्दा नविकरण गर्दा सरहको दस्तुर लाग्नेछ । यस्तो अवस्थामा पुरानो नाम स्वत: खारेज भएको मानिनेछ र फर्म दर्ता नम्बर साविककै कायम रहनेछ ।

(ङ) विदेशमा दर्ता भएको लेखाव्यवसायी संस्था सँग आवद्धता लिन तथा नविकरण गर्दा लाग्ने शुल्क खण्ड ६ मा तोकिए बमोजिम हुनेछ ।

४. लेखाव्यवसायी संस्थाको दर्ता:

(क) उप कार्यविधि (१) बमोजिमको दरखास्त परेपछि संस्थागत मामला निर्देशनालयले आवश्यक जाचबूझ गरी लेखाव्यवसायी संस्था दर्ता गर्न मनासिव देखेमा कार्यकारी निर्देशक समक्ष सिफारीस गर्नेछ ।

(ख) उपकार्यविधि (१) बमोजिम पेश भएको कागजात कार्यकारी निर्देशकबाट स्वीकृत भएमा उपकार्यविधि २ बमोजिमको शुल्क लिई सदस्य मामला शाखामा रहेको दर्ता किताबमा सो फर्म दर्ता गरी नियमावलीको नियम ५९ बमोजिमको अनुसूचीको ढांचामा दरखास्त परेको मितिले १५ दिन भित्र फर्म दर्ता भएको प्रमाणपत्र प्रदान गर्नुपर्नेछ ।

(ग) यस कार्यविधि बमोजिम फर्म दर्ता गर्न नमिल्ने भएमा सोको निर्णय गरि निर्णय भएको मितिले ७ दिन भित्र दर्ता हुन नसकेको कारण सहित सम्बन्धित दरखास्तवालालाई जानकारी दिनुपर्नेछ ।

५. लेखाव्यवसायी फर्मको नविकरण

दर्ता भएको लेखाव्यवसायी फर्म जुन आर्थिक बर्षमा दर्ता भएको हो सोही आर्थिक बर्षको अन्त्य सम्म कायम रहने भएकोले त्यस्तो फर्म नविकरण गराउन चाहेमा नियमावलीको नियम ५९(३) र(४) बमोजिम नवीकरण गराउनको लागि देहाय बमोजिमको कागजातहरु संलग्न गरी संस्थामा निवेदन दिनुपर्नेछ ।

(क) करचुक्ताको प्रमाणपत्र ।
तर प्रचलित आयकर ऐन बमोजिम आय विवरण बुझाउनु पर्ने अन्तिम मिति भन्दा अगावै लेखाव्यवसायी फर्म नविकरण गर्न निवेदन दिएको अवस्थामा सो भन्दा अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र पेश गर्न सकिनेछ ।
(ख) माथि खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भएता पनि नवीकरणको लागि पेश गरिएको आर्थिक वर्षको अघिल्लो आर्थिक वर्षमा दर्ता भएका नयां लेखा व्यवसायी फर्मको हकमा स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रतिलिपि पेश गरी नवीकरण गर्न बाधा पुगेको मानिने छैन ।

(ख) प्रोप्राइटर वा सबै साझेदारहरुबाट आचार संहिता विपरीत कुनै कार्य नगरेको स्व:घोषणा संस्थाले तोकेको ढांचामा दिनु पर्नेछ ।



नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था ICAN २०५३

## खण्ड ३

## लेखा व्यवसायी संस्था (फर्म) को नाम सम्बन्धी

६. एकल फर्मको नाम छनौटः नियम ५८(१) र (२) को अधिनमा रही एकल फर्मको नाम देहाय बमोजिम राख्न सकिनेछ ।

(क) सदस्यको आफ्नो पहिलो नाम, थर र बीचको नामबाट वा सोको पहिलो अक्षरबाट वा पहिलो नाम र थरबाट वा सोको पहिलो अक्षरबाट वा थर र नामबाट वा सोको पहिलो अक्षरबाट वा पहिलो नामबाट मात्र वा सोको पहिलो अक्षरबाट वा थरबाट मात्र वा सोको पहिलो अक्षरबाट एकल फर्मको नाम राख्न सकिनेछ ।

(ख) सदस्यको बीचको नामबाट मात्र वा सोको शुरुको अक्षरबाट मात्र शुरु हुने गरी नाम राख्न पाइनेछैन ।

७. साझेदारी फर्मको नाम छनौटः नियम ५८(१) र (२) को अधिनमा रही साझेदारी फर्मको नाम देहाय बमोजिम राख्न सकिनेछ ।

(क) साझेदारहरु मध्ये कुनै एकजना साझेदारको पहिलो नाम, थर र बीचको नामबाट वा सोको पहिलो अक्षरबाट वा पहिलो नाम र थरबाट वा सोको पहिलो अक्षरबाट वा पहिलो नामबाट मात्र वा सोको पहिलो अक्षरबाट वा थरबाट मात्र वा सोको पहिलो अक्षरबाट साझेदारी फर्मको नाम राख्न सकिनेछ ।

(ख) साझेदारहरु मध्ये केही, कुनै वा सबै साझेदारहरुको नामबाट वा नामको पहिलो अक्षरबाट फर्मको नाम राख्न सकिनेछ ।

(ग) सबै साझेदारहरुको थरबाट वा दुई वा सो भन्दा बढी साझेदारको थरबाट वा थरको पहिलो अक्षरबाट मात्र पनि नाम राख्न सकिनेछ ।

(घ) तर एउटा साझेदारको नाम र अर्को साझेदारको थरबाट नाम राख्न सकिने छैन ।

(ङ) साविकको नाम पुर्व साझेदारको नाम वा थर बाट राखिएको भएता पनि साझेदारहरुबीच सहमति भएमा सो नामलाई कायम राख्न बाधा पर्ने छैन

८. लेखाव्यवसायी संस्थाको नाम राख्न नमिल्ने

(क) संस्थामा पहिले नै दर्ता भइराखेको अन्य लेखा व्यवसायी फर्मको नाम वा नामको आशयसंग मिल्दोजूल्दो गरी फर्मको नाम राख्नु हुँदैन ।

(ख) लेखाव्यवसायी संस्थाको नाममा “कम्पनी” शव्द राख्न सकिने छैन ।

(ग) लेखाव्यवसायी फर्मको नाम पछि “एण्ड एसोसिएटेस” वा “एसोसिएट्स” राख्न सकिनेछ । सो बाहेक अन्य कुनै अक्षर वा शव्द राख्न पाइने छैन ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था ICAN २०५३

(घ) "लेखापरीक्षण", "अडिट" जस्ता शब्दहरु लगायत नियमावलीको नियम (५७), (५८) र नियम (६१) को प्रतिकुल हुनेगरी  असम्बन्धित शब्दहरु राखीफर्म दर्ता गर्न सकिने छैन ।

(ङ) कुनै फर्म नियमावलीको नियम ६० बमोजिम खारेज भएको मितिले पाँच बर्षभित्र पुनः दर्ता नभएको अवस्थामा मात्र नयाँ निवेदकको नाममा उक्त फर्मको नाम राखी फर्म दर्ता गर्न सकिनेछ ।

९. नाम परिवर्तन

(क) संस्थालाई फर्मको नाम असम्बन्धित, प्रचलित कानुन, सामाजिक मर्यादा र आचार संहिता विपरित छ भन्ने लागेमा उक्त नाम परिवर्तन गर्न निर्देशन दिन सक्नेछ ।

(ख) भुलवश फर्मका नामहरु दोहरिन गएको पाइएमा पछि दर्ता भएको नामलाई परिवर्तन गर्न संस्थाले सम्बन्धित व्यक्तिलाई निर्देशन दिन सक्नेछ । सो निर्देशन पाएको मितिले पैंतिस दिन भित्र सम्बन्धित व्यक्तिले नाम परिवर्तन गर्नका लागि संस्थामा निवेदन दिनु पर्नेछ ।

(ग) उपकार्यविधि (१) वा (२) बमोजिम निवेदन प्राप्त भएमा वा आफ्नै स्वेच्छाले नाम परिवर्तन गर्नको लागि निवेदन प्राप्त भएमा नियमावली तथा यस कार्यविधि बमोजिम फर्मको नाम परिवर्तन गरी फर्मको दर्ता नम्बर र प्रमाणपत्र लागु भएको मिति साविक बमोजिमकै हुने गरी फर्म दर्ता प्रमाणपत्र प्रदान गर्नु पर्नेछ ।

## खण्ड ४

## एकल फर्मबाट साझेदारी फर्म तथा साझेदारी फर्मबाट एकल फर्ममा परिणत हूने

१०. एकल फर्मबाट साझेदारी फर्म तथा साझेदारी फर्मबाट एकल फर्ममा परिणत हुने:

(क) एकल फर्मलाई साझेदारी फर्ममा वा साझेदारी फर्मलाई एकल फर्ममा परिणत गर्न कारण खुलाई नियम ६२(६) बमोजिम प्रस्तावित फर्मको नाम सहित संस्थामा निवेदन दिनु पर्नेछ ।

(ख) उपकार्यविधि(१) बमोजिम निवेदन प्राप्त भएमा संस्थागत मामिला निर्देशनालयले प्रस्तावित फर्मको नाम नियमावली तथा यस कार्यविधि बमोजिम भएको पाइएमा तथा सम्बन्धीत कानुनी व्यवस्था बमोजिम परिणत गर्न मिल्ने देखिएमा निवेदन बमोजिमको फर्म परिणत गरी फर्मको दर्ता नम्बर तथा प्रमाणपत्र लागु हुने मिति साविक बमोजिम नै हुने गरी नियमावली बमोजिमको फर्म दर्ता प्रमाणपत्र प्रदान गर्नु पर्नेछ ।

(ग) उपकार्यविधि (२) बमोजिम एकल फर्म साझेदारी फर्ममा परिणत भए पछि साझेदारी भङ्ग भएमा पुनः जुन व्यक्तिको नाउबाट उक्त फर्म एकल फर्मको रुपमा दर्ता भएको थियो सोही व्यक्तिले संचालन गर्ने गरी एकल फर्ममा परिणत गर्नका लागि निवेदन पर्न आएमा एकल फर्मको रुपमा दर्ता गरी फर्मको दर्ता नम्बर तथा प्रमाणपत्र लागु हुने मिति साविक बमोजिम नै हुने गरी नियमावली बमोजिमको फर्म दर्ता प्रमाणपत्र प्रदान गर्नु पर्नेछ ।

## खण्ड ५

## फर्म खारेज हुने

**११.** (१) देहायको कुनै अवस्थामा लेखाव्यवसायी संस्था(फर्म) को दर्ता खारेज हुनेछ ।

(क) तोकिएको अवधि भित्र नविकरण नगराएमा,

(ख) एकल फर्मका धनीले वा साझेदारी फर्म भए सबै सदस्यहरुले फर्म खारेज गर्न संयुक्त निवेदन दिएमा,

(ग) परिषदबाट दर्ता खारेज गर्ने आदेश भएमा,

(घ) सदस्यको सदस्यता वा पेशागत प्रमाणपत्र वा दुवै रद्द भएको अवस्थामा,

(ङ) साझेदारी फर्मको हकमा सबै साझेदारहरुको नाम सदस्यता दर्ता कितावबाट हटाइएमा वा निजहरुको पेशागत प्रमाणपत्र रद्ध गर्ने निर्णय भएमा ।

तर कूनै एक जना साझेदारको सदस्यता वा पेशागत प्रमाणपत्र वा दुवै रद्द भएको अवस्थामा बांकी साझेदारहरुले उक्त फर्म कायम राख्नका लागि नयाँ साझेदारी सम्झौता पत्र पेश गर्नु पर्नेछ ।

(२) साझेदारहरुमध्ये एक जना बाहेक सबै साझेदारले फर्म त्याग गरेमा एक जना साझेदारले एकल फर्म वा अन्य पेशागत प्रमाणपत्र प्राप्त सदस्य सँग मिलेर नियमावली तथा यस कार्यविधि बमोजिम साझेदारी फर्म दर्ता गराउन सक्नेछ ।

## खण्ड ६

## विदेशमा दर्ता भएको लेखाव्यवसायी संस्थासँगको आवद्धता सम्बन्धी

**१२.** निवेदन दिनु पर्नेः

(क) लेखाव्यवसायी संस्था (फर्म)ले विदेशमा दर्ता भएको लेखाव्यवसायी संस्थासँग आवद्धता लिन चाहेमा देहाय बमोजिमको कागजात सहित अनुसूची १ बमोजिम संस्थामा निवेदन दिनुपर्नेछ ।

(१) प्रस्तावित लेखा व्यवसायी संस्था (फर्म) र विदेशमा दर्ता भएको लेखाव्यवसायी संस्थाबीच भएको सहमति वा सम्झौता पत्र ।

(२) विदेशमा दर्ता भएको लेखाव्यवसायी संस्था विदेशको कानुन बमोजिम दर्ता भएको आधिकारिक प्रमाण ।

(३) एलाएन्स, नेटवर्किङ्ग फर्म तथा फोरम अफ् फर्मको सदस्य रहेको वा अन्य कुनै रुपमा सम्बन्ध रहेको आधिकारीक प्रमाण ।

(४) विदेशमा दर्ता भएको लेखाव्यवसायी संस्थाको प्रोफाइल ।

(ख) उपकार्यविधि (क) बमोजिमको निवेदन मनासिव देखिएमा आवश्यक जाँचबूझ गरि कार्यकारिणी समितिले विदेशमा दर्ता भएको लेखाव्यवसायी संस्थासंगको आवद्धता सम्बन्धमा आवश्यक स्वीकृतिको लागि परिषदमा पेश गर्न सक्नेछ ।

(ग) उपकार्यविधि (ख) बमोजिम परिषदमा पेश भई स्वीकृत भएमा लेखाव्यवसायी फर्मले देहाय बमोजिम दर्ता शुल्क बुझाउनु पर्नेछ । साथै नविकरणको हकमा देहाय बमोजिम नविकरण शुल्क बुझाउनु पर्नेछ ।

| **क.सं.** | **विवरण** | **आवद्धता शुल्क** | **वार्षिक आवद्धता नविकरण शुल्क** |
|---|---|---|---|
| १ | विदेशमा दर्ता भएको लेखाव्यवसायी संस्था | रु. ५०,००० | आवद्धता शुल्कको २०%= रु. १०,००० |

(घ) लेखाव्यवसायी फर्मले विदेशमा दर्ता भएको लेखाव्यवसायी संस्थासंगको आवद्धता त्याग गर्न चाहेमा सो को जानकारी संस्थालाई दिएको मितिबाट उक्त आवद्धता स्वतः खारेज हुनेछ ।

(ङ) लेखाव्यवसायी फर्मले आवद्धता त्याग गरी पूनः सोही विदेशमा दर्ता भएको लेखाव्यवसायी संस्थासंग आवद्धता लिन चाहेमा नयां आवद्धता सरहको प्रक्रिया पूरा गर्नु पर्नेछ ।

(च) यस कार्यविधि बमोजिम आवद्धताको लागि अनुमति प्राप्त लेखाव्यवसायी फर्मले देहाय बमोजिमको शव्दहरु मात्र प्रयोग गर्न सक्नेछ ।

(१) लेटरहेडमा तथा Visiting Card मा परिषदले स्वीकृती दिएको विदेशमा दर्ता भएको लेखाव्यवसायी संस्थाको आवद्धता झल्कने शब्द ।

(२) नेपालको राष्ट्रियता, अखण्डता तथा सार्वभौमिकता माथि आँच नपुग्ने गरी संस्थाले अनुमति दिएका अन्य सम्बन्धित शव्द ।

तर लेखाव्यवसायी फर्मको नाम संगै (नामको अगाडि वा पछाडि) विदेशमा दर्ता भएको लेखाव्यवसायी संस्थाको नाम वा सोको छोटकरीरुप समेत उल्लेख गर्न पाइने छैन ।

(छ) लेखाव्यवसायी फर्मले एकै समयमा एउटा मात्र विदेशमा दर्ता भएको लेखाव्यवसायी संस्था को आवद्धता लिन सक्नेछ ।

(ज) देहायको अवस्थामा विदेशमा दर्ता भएको लेखाव्यवसायी संस्थासँगको आवद्धता खारेज हुन सक्नेछ ।

(१) दुई पक्षवीच भएको सम्झौतामै निश्चित अवधिको लागि सम्झौता भएकोमा उक्त अवधि समाप्त हुनु भन्दा अगावै विदेशमा दर्ता भएको लेखाव्यवसायी संस्थासंगको आवद्धता नवीकरण भएको प्रमाण संस्थामा पेश नगरेमा ।

(२) सम्झौताको अवधि पुरा नहुदै दुई पक्षवीचको उक्त सम्झौता विभिन्न कारणवश भंग भएको अवस्थामा ।

(३) स्थानीय फर्मका साझेदारमध्ये कुनै साझेदार साझेदारी फर्मबाट अलग्गिएमा वा फर्म खारेज भएमा वा संस्थाले लेखाव्यवसाय गर्न रोक लगाएको अवस्थामा ।

(४) स्थानीय फर्मका सबै साझेदारहरुले आवद्धता खारेज गर्न निवेदन दिएमा ।

(५) विदेशमा दर्ता भएको लेखाव्यवसायी संस्थाले आवद्धता खारेज गर्न संस्थालाई जानकारी गराएमा ।

(६) विदेशी लेखा व्यवसायी संस्था वा सम्बन्धीत नियमनकारी निकायले विदेशमा दर्ता भएको लेखाव्यवसायी संस्थालाई कारवाही गरी काम गर्न रोक लगाएमा ।

(ञ) विदेशमा दर्ता भएको लेखाव्यवसायी संस्थासँग आवद्धता लिन त्यस्तो विदेशमा दर्ता भएको लेखाव्यवसायी संस्थाको देहाय बमोजिमको योग्यता भएको हुनुपर्नेछ ।

(१) विदेशमा दर्ता भएको ५ वर्ष पुरा भएको ,

(२) एलाएन्स वा नेटवर्किङ्ग फर्मको हकमा कम्तिमा २० वटा लेखाव्यवसायी फर्म आवद्ध भएको,

(३) नेटवर्किङ्ग फर्म वा एलाइन्स वा फोरम अफ फर्ममा आवद्ध फर्महरुमा भएका जनशक्ति मध्ये कम्तिमा १०० जना लेखाव्यवसायी (Professional Accountants) भएको,

(४) नेटवर्किङ्ग फर्म वा एलाइन्स वा फोरम अफ फर्ममा आवद्ध फर्महरुको वार्षिक कम्तिमा बीस लाख अमेरीकन डलर बराबरको कारोवार भएका,

विदेशमा दर्ता भएको लेखाव्यवसायी संस्थाले खण्ड (२) र (३) बमोजिम भएको कुरा स्व:घोषणा गरेको हुनुपर्नेछ ।

(ट) विदेशी आवद्धता लिंदा सम्झौतामा आवद्धता लिने लेखाव्यवसायी फर्मको गुणस्तर अभिवृद्धिको व्यवस्था गरेको हुनु पर्नेछ र

(ठ) संस्थाले यस कार्यविधि बमोजिम विदेशमा दर्ता भएका लेखाव्यवसायी संस्थाको आवद्धता लिने लेखाव्यवसायी फर्मको वार्षिक रुपमा गुणस्तर आश्वस्तता परीक्षण गर्न सक्नेछ ।

## खण्ड ७

## शाखा कार्यालय खोल्ने सम्बन्धी

**१३.** (क) लेखाव्यवसायी फर्मले शाखा कार्यालय खोल्न चाहेमा नियम ६३ को आधारमा देहाय बमोजिमको विवरणहरु खुलाई संस्थामा निवेदन दिनु पर्नेछ ।

(१) शाखा कार्यालयको व्यवस्थापनमा रहने समान श्रेणी र वर्गको सदस्यको नाम, थर र ठेगाना

(२) शाखा कार्यालय रहने पुरा ठेगाना

(ख) उपकार्यविधि (क) बमोजिमको निवेदन प्राप्त भएको मितिले ३० दिन भित्र संस्थागत मामला निर्देशनालयको सिफारीसमा कार्यकारीणी समितिले मनासिव देखेमा शाखा खोल्ने स्वीकृति दिन सक्नेछ ।

(ग) शाखा कार्यालय खोल्न निवेदन फाराम दस्तुर रु. १०० र अनुमति पत्र दस्तुर रु. ३००० लाग्नेछ ।

## खण्ड ८

## विविध

**१४.** फर्म दर्ता प्रमाणपत्र रद्धः भुलवश वा गल्तीले फर्म दर्ता भएको प्रमाणपत्र जारी भएको कुरा संस्थालाई जानकारी हुन आएमा सोको जाँचबूझ गरी कार्यकारीणी समितिले त्यस्तो फर्म दर्ता प्रमाणपत्र रद्ध गर्न सक्नेछ ।

**१५.** (क) प्रमाणपत्र लिन सकिने: नियमावली बमोजिम प्रदान गरिएको फर्म दर्ता प्रमाणपत्र हराएमा, नष्ट भएमा वा अन्य कुनै कारणबाट काम नलाग्ने भएमा संस्थामा निवेदन दिनु पर्नेछ ।

(ख) उपकार्यविधि (क) बमोजिम परेको निवेदनको व्यहोरा मनासिव देखेमा संस्थागत मामिला निर्देशनालयले रु.५००/ दस्तुर लिई दर्ताको अर्को प्रतिलिपि प्रमाणपत्र दिनेछ ।

**१६.** कार्यविधि संशोधन/व्याख्या तथा बाधा अड्काउ फुकाउने : ऐन, नियमावलीको अधिनमा यस कार्यविधिको संशोधन, व्याख्या तथा बाधा अड्काउ फुकाउने अधिकार परिषदलाई हुनेछ ।

**१७.** खारेजी र बचाउ

(क) लेखाव्यवसायी संस्था (फर्म) दर्ता कार्यविधि, २०६६ खारेज गरिएको छ ।

(ख) यो कार्यविधि प्रारम्भ हुनुभन्दा अघि लेखाव्यवसायी संस्था (फर्म) दर्ता कार्यविधि, २०६६ बमोजिम भए गरेका काम कारवाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची १

कार्यविधि १२ (१) संग सम्बन्धित

श्री कार्यकारी निर्देशकज्यू
नेपाल चार्टर्ड एकाउन्टेन्टस संस्था
सातदोबाटो ।

**विषय : विदेशमा दर्ता भएको लेखा व्यवसायी फर्मसँग आबद्धताको लागि स्वीकृति दिनुहुन ।**

महोदयः
मैले / हामीले विदेशमा दर्ता भएको लेखाव्यवसायी संस्था (फर्म) सँग संझौता गरी उक्त संस्था संग आवद्धता लिई लेखाव्यवसाय संचालन गर्ने उद्देश्यले देहायका बिबरण खोली परिषदबाट स्वीकृतिका लागि यो निवेदन पेश गरेको छु/छौं ।

विदेशमा दर्ता भएको लेखाव्यवसायी संस्र्थाको नामः ........................................................
पुरा ठेगानाः ......................................................................
संस्था दर्ता भएको देशः .......................................................
दर्ता भएको निकायको नामः ....................................................................
निकायको कानुनी हैसियतः ..................................................................................
विदेशमा दर्ता भएको लेखाव्यवसायी संस्र्थाको इमेल, वेबसाइटः ...............................................
अन्तराष्ट्रिय लेखा व्यवसायी महासंघमा आवद्धः भएको /नभएको
विदेशमा दर्ता भएको लेखाव्यवसायी संस्थासंग सम्झौता भएको मितिः ................................................

सम्झौता अवधिः .....................................
सम्बन्ध झल्कने शब्दः ........................................

सम्झौता सम्बन्धी अन्य मुख्य विवरणः

..............................................................................

संलग्न प्रमाणका प्रतिलिपिहरु :

(क)
(ख)
(ग)
फर्मको नामः ........................................................................
ठेगानाः ...................................................
फर्म नं.: ..................................................

फर्मको प्रोप्राइटर/साझेदारको नामः ...................................................................
दस्तखत :
नाम थर :
सदस्यता नं.:
ठेगानाः

# अनुसुची २

कार्यविधि ३(१)(ज) संग सम्बन्धित

साझेदारी सम्झौता पत्र(पार्टनरसीप डिड)

तपसील बमोजिम ............................जना नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका चार्टर्ड एकाउन्टेन्ट/.................. वर्गका रजिष्टर्ड अडिटर सदस्यहरुबीच देहाय बमोजिमका शर्त बन्देजको अधिनमा रही साझेदारीमा ............................................................ एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स/रजिष्टर्ड अडिटर्स नामको साझेदारी फर्म दर्ता गरी संचालन गर्न हामी साझेदारहरुको एक आपसमा सहमति भएकोले तपसीलमा लेखिएका शर्तहरु पालना गर्न मन्जुर भई यो साझेदारी सम्झौता पत्र तयार गरी सहीछाप गरी ...................... देखि लागु हुनगरी १/१ प्रति राखी १ प्रति नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थामा पेश गरेका छौं ।

तपसील

| क्र. सं. | साझेदारको नाम | सदस्यता नं. | वर्ग | पे प्र प नं. | एकल फर्म नं. | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |

तीनपूस्ते विवरण

| क्र स | साझेदारको नाम | नागरीकता नं., मिति र जिल्ला | बाबुको नाम | बाजेको नाम |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

१. प्रस्तावित फर्मको नाम:
   नेपालीमा ..................................................
   अंग्रेजीमा ..................................................

२. फर्मको उद्देश्य:
   यस फर्मको उद्देश्य नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को अधिनमा रही लेखाव्यवसाय गर्ने रहेको छ ।

३. फर्मको ठेगानाः
जिल्ला ....................................., गा वि स/न पा/उ म न पा/म न पा
.................................
वडा नं. ........................., मार्ग ............................
टोल ................................... घर नं. ..................................
पो.ब.नं. ....................................., टेलिफोन ............................
ईमेल ...........................................................

४. पूँजी, लगानी, सम्पत्ति र मुनाफाः
सबै साझेदारहरुको लगानी, नाफा नोक्सान बाँडफाँड, सम्पत्ति/जायजेथा देहाय बमोजिम हिस्सा रहनेछ ।

| क.सं. | साझेदारको नाम | लगानी रकम | हिस्सा प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

५. नयाँ साझेदार भित्रिने र राजिनामाः
नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थालाई लिखित जानकारी दिई यस फर्ममा रहेका सबै साझेदारहरुको लिखित मन्जुरीमा नयाँ साझेदार भित्रिने र भएका साझेदारहरु राजिनामा गरी बाहिरीन सक्नेछन् ।

६. नयाँ साझेदार भित्रिने वा साझेदारले साझेदारी छाड्ने कार्यविधि

७. साझेदारी भंग हूने व्यवस्था

८. साझेदारी भंग हूँदा फर्मको नाम कायम राख्ने/नराख्ने व्यवस्था

९ साझेदारी भंग हुदा व्यवसाय, सम्पत्ति र दायित्वको बाँडफाँड

१०. साझेदारीबाट अलग हुने साझेदारको दायित्वसम्बन्धी व्यवस्था

१२. गोपनियताः
यस फर्मका प्रत्येक साझेदारले कानुनले बाध्य पारेको अवस्थामा बाहेक यस फर्मको कुनै पनि सूचना सरोकारवाला बाहेक अरु कसैलाई दिइने छैन ।

१३. फर्मको अर्थिक वर्षः
प्रत्येक वर्षको श्रावण १ गतेदेखि आषाढ मसान्तसम्मको अवधिलाई फर्मको आर्थिक वर्ष मानिने छ ।

१४. स्रेस्ता राख्ने

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था ICAN २०५३

यस साझेदारी फर्मको हिसाब किताब सबै साझेदारले हेर्न सकिने गरी ऐन कानूनअनुसार नेपाली वा अंग्रेजी भाषामा श्रेस्ता राखिनेछ । प्रत्येक आर्थिक वर्ष पूरा भएको ६ महिना भित्र मान्यता प्राप्त लेखापरिक्षकबाट लेखापरीक्षण गराउने छन् ।

१५. पारिश्रमिक:
साझेदारीहरु आपसी छलफलद्वारा तय गरी उचित पारिश्रमिक दिइनेछ ।

१६. विवाद समाधान:
फर्म संचालन सम्बन्धमा साझेदारहरुबीच कुनै विवाद परेमा आपसी समझदारीमा समाधान गरिनेछ । आपसी समझदारीमा समाधान नभएमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१७. फर्मको प्रतिनिधित्व:
यस फर्मको प्रतिनिधित्व साझेदारहरुको आपसी सहमति बमोजिम हुनेछ ।

१८. बैकिंग कारोबार:
यस फर्मको खाता ...................................... मा वा आवश्यकता अनुसार कुनैपनि वाणिज्य बैंकमा खोल्न सकिने छ । बैंक खाता देहाय बमोजिमका साझेदार वा निजहरुले लिखित अख्तियार दिएको अन्य साझेदार वा व्यक्तिको दस्तखतबाट संचालन हुनेछ ।

१९. कर्मचारीहरुको नियुक्ति:
यस फर्मका दैनिक प्रशासनिक तथा लेखापरीक्षण कार्य सूचारु रुपले संचालन गर्न आवश्यक कर्मचारी नियुक्त गर्ने अधिकार देहाय बमोजिमका साझेदारहरुलाई हुनेछ ।

..............................................................................

२०. संशोधन:
यो सम्झौतामा उल्लिखित शर्तहरु दुवै पक्षको आपसी सहमतिमा संशोधन गरी ....................... को स्वीकृति लिई आवश्यक संशोधन गर्न सकिने छ ।

२१. यस सम्झौता पत्रमा लेखिएका कुराहरुको हकमा सोही बमोजिम र यसमा लेख्न छुट भएका कुराहरुको हकमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली २०६१ तथा कार्यविधि र यसमा पछि हुने संशोधन सहितको अधिनमा रहि हुनेछ ।

२२. संस्थाले समय समयमा तोकेका अन्य कुनै बिषयहरु
साझेदारहरु

| साझेदारहरुको नाम | हस्ताक्षर | साक्षीहरुको नाम | हस्ताक्षर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

इति सम्वत् २० साल.............................महिना...........गते रोज................. शूभम् ।



नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था ICAN २०५३